म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक २०९ | सोमबार २९ फागुन २०७९ | ने. सं. ११४३ चिल्लागा | 13 March 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गैसस महासंघमा सापकोटा

हेटौंडा, २८ फागुन/ गैरसरकारी संस्था महासंघ मकवानपुरको अध्यक्षमा रमिला सापकोटा चयन भएकी छन् । महासंघको हेटौंडामा सम्पन्न नवौं जिल्ला अधिवेशनले सापकोटाको नेतृत्वमा जिल्ला शाखा निर्माण गरेको हो । महासंघको उपाध्यक्षमा कुमारी वाईवा, सचिवका सन्तोष पौडेल, सहसचिवमा गोकर्ण तिवारी तथा कोषाध्यक्षमा लक्ष्मी मोक्तान चयन भएका छन् । सदस्यहरुमा अञ्जनप्रसाद पौडेल, लक्ष्मी श्रेष्ठ, विष्णु धिताल, सौजन डीसी, सन्दिप शाक्य, सम्राट सिलवाल, बालकुमारी डल्लाकोटी, सविना न्यौपाने, कल्पना विक र शान्ति स्याङ्बो चयन भएका छन् । गैसस महासंघ मकवानपुरका अध्यक्ष कृष्णप्रसाद धितालको सभाध्यक्षतामा भएको अधिवेशनमा हेटौंडाकी मेयर मिनाकुमारी लामाको प्रमुख आतिथ्यमा थियो । कार्यक्रममा महासंघलाई विभिन्न चरणमा योगदान पुऱ्याउनेहरुलाई सम्मान गरिएको छ ।

# प्रतिनिधिसभामा सचेतक बन्ने मकवानपुरको पहिलो सांसद् बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ मकवानपुरका प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौला नेकपा एमालेको सचेतक मनोनित भएका छन् ।

नेकपा एमाले संसदीय दलको निर्णयले आइतबार प्रतिनिधि सभाका लागि पार्टीको प्रमुख सचेतकमा पदम गिरी र सचेतकमा बर्तौलालाई चयन गरेको हो । देशको कानुन निर्माण गर्ने थलो प्रतिनिधिसभामा ठूलो पार्टीको सचेतकमा जिम्मेवारी पाउने बर्तौला मकवानपुरका पहिलो सांसद् हुन् । प्रतिनिधिसभामा सचेतकको भूमिका पार्टीको प्रतिनिधित्वका रुपमा हुनेछ । मकवानपुरको नामटारमा जन्मिएका बर्तौलाले विद्यार्थी राजनीतिहुँदै पार्टी राजनीतिक र संसदीय राजनीतिमा पनि निरन्तर फड्को मारिरहेका छन् । प्रतिनिधिसभामा यसअघि मकवानपुरका कुनैपनि सांसद् दलको सचेतक भएका थिएनन् ।



मकवानपुरबाट निर्वाचित सांसद्मध्ये थोरैमात्रै मन्त्री हुन सकेका छन् । ३९ वर्षीय महेश बर्तौला संघीय संसद्मा नयाँ अनुहार हुन् । प्रतिनिधि सभा चुनावमा नेकपा एमालेबाट ७८ जना निर्वाचित भएका थिए । त्यसमध्ये अधिकांश नयाँ अनुहार छन् । संसदमा आफ्नो भूमिका देखाउन सबै सांसद्हरु प्रयासरत् छन् । त्यसमध्ये मकवानपुर २ बाट निर्वाचित महेश बर्तौला छोटो समयमै तुलनात्मकरुपमा आफूलाई अग्र स्थानमा राख्न सफल भएका हुन् । विद्यार्थी राजनीतिबाट उनी पहिलो पटकमै एमालेको बागमती प्रदेश कमितिको उपमहासचिवको जिम्मेवारीमा पुगेका थिए । पार्टी राजनीतिमा लागेको १ वर्षको अन्तरालमै उनी पहिलो प्रयासमै सांसद् बनेका थिए । बर्तौलाले चारपटकसम्म सांसद् भएका हाल नेकपा (एकीकृत समाजवादी)का नेता बिरोध खतिवडालाई हराएका थिए ।

नेतृत्वले गरेको भरोसालाई ख्याल राखेर संसदीय मूल्यमान्यतालाई उचो राख्ने गरी काम गर्ने बर्तौलाको भनाइ छ । पार्टी नेतृत्वले युवालाई अगाडि बढाउन खोजेको उनको निष्कर्ष छ । 'युवा अगाडि बढोस् भन्ने नेतृत्वको चाहना हो । अब सिनियरसँग रहेर काम गर्नु पर्नेछ', उनले भने । एमालेले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा पनि बर्तौलालाई नै अगाडि सारेको थियो । राष्ट्रपति पुरुष भएपछि उपराष्ट्रपति महिला हुनुपर्ने भन्दै जसपाका उम्मेदवार रामसहाय यादवको उम्मेदवारीविरुद्ध उनले उम्मेदवार अष्टलक्ष्मी शाक्यको प्रतिनिधि बनेर उजुरी दिएका थिए ।

नयाँ भएर पनि छोटो समयमै परिपक्व व्यवहार देखाएका कारण बर्तौलालाई सचेतकको जिम्मेवारी दिइएको चर्चा छ । बर्तौलाले पाएको भूमिका यतिमा सीमित भने छैन । उनले अर्को महत्वपूर्ण भूमिका प्रतिनिधिसभाको नियामवली बनाउँदा पनि पाएका थिए । नियमावली मस्यौदा समितिमा पनि उनी एमालेको तर्फबाट सदस्य थिए । नियमावलीको मस्यौदा बनाउँदा उनले आफ्नो स्पष्ट अडान तर्कका साथ राख्ने गरेका थिए । उनी नियामवली मस्यौदा समितिमा प्रभावकारी देखिएका थिए । समितिमा रहँदा उनले राष्ट्रपति, उपराष्ट्रपति र संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरुउपर लाग्ने महाअभियोगउपर निर्णय गर्नुपर्ने समयसीमा तोक्नुपर्ने विषय उठाएका थिए । सभामुखले अनन्तकालसम्म महाअभियोग लम्ब्याउन सक्ने अवस्था अन्त्य गर्न समय सीमा राख्नुपर्ने अडान उनको थियो । जसकारण समयसीमा पाँच महिना राखिएको छ ।

बर्तौला कानुनको समेत विद्यार्थी हुन् । बर्तौलाले २०६९ सालमा अधिवक्ताको लाइसेन्स लिएका थिए । तर, उनी वकालतमा भन्दा विद्यार्थी राजनीतिमा केन्द्रित भए । उनले राजनीतिशास्त्रमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेका छन् । व्यवस्थापनमा मकवानपुर बहुमुखी क्याम्पसबाट स्नातकोत्तर गरेका छन् । उनी मकवानपुर बहुमुखी क्याम्पसको दुईपटक पूर्वस्ववियु सभापति हुन् । त्यसयता उनी अनेरास्ववियुको केन्द्रीय सदस्य, मध्यमाञ्चल विकास क्षेत्रीय प्रमुख हुँदै अनेरास्ववियुको केन्द्रीय सचिव, केन्द्रीय उपाध्यक्षसम्म भए । उनी विद्यार्थी राजनीतिबाट अलग्गिएको एक वर्षमै प्रतिनिधिसभा सदस्यको रुपमा संघीय सांसद् छिरेका हुन् ।

४ मंसिरमा सम्पन्न चुनावपछि प्रतिनिधिसभाको पहिलो बैठक २५ पुसमा बसेको थियो । यसबीचमा प्रतिनिधिसभाका १२ वटा बैठक बसे । यसबीचमा बर्तौलाले एकपटक द्यापद्यापे र एकपटक शून्य समयको सदुपयोग गरे । द्यापद्यापेमा किसानले रासायनिक मल पाउन नसकेको विषय उठाएका थिए । शून्य समयमा मकवानपुरको मनहरीमा हात्तीले स्थानीयबासिन्दालाई दु:ख दिएको भन्दै सरकारको ध्यानाकर्षण गरेका थिए ।

उनी हरेक महिना आफ्नो निर्वाचन क्षेत्र आइरहन्छन् । निर्वाचन क्षेत्रका गाउँगाउँ पुगेर बर्तौलाले स्थानीयहरुसँग समस्या पहिचान गर्ने र सुझाव लिने काम गरिरहेका छन् ।

## डेंगु नियन्त्रण गर्न उपमहानगरले थाल्यो 'स्प्रे अभियान'

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ लामखुट्टेको टोकाइबाट हुने डेंगु रोगको संक्रमणबाट नगरबासीलाई सुरक्षा दिन हेटौंडा उपमहानगर पालिकाले स्प्रे अभियान थालेको छ ।

गर्मी बढ्न सुरु भएसँगै लामखुट्टे आउने भएकाले उपमहानगर पालिकाले पहिल्यै डेंगु नियन्त्रण गर्ने योजना अघि सारेको हो । यसवर्षकै गर्मी समयमा डेंगुले हेटौंडा त्रासमय बनेको थियो । डेंगु संक्रमणकै कारण एक जनाको मृत्युसमेत भएको थियो ।



डेंगुले यसअघि धेरै नगरबासी प्रभावित भएपछि उपमहानगरपालिकाले गर्मी सुरु हुन लाग्दा नै डेंगु नियन्त्रण गर्ने योजना बनाएर काम सुरु गरेको उपमहानगरकी प्रमुख मिनाकुमारी लामाले जानकारी दिइन् । उनले नगरबासीलाई डेंगुलगायत रोकबाट बचाउने प्रमुख दायित्व उपमहानगरपालिका कार्यालयको रहेको बताइन् । लामाकै निर्देशनमा नगर प्रहरीहरुले डेंगु संक्रमण नियन्त्रणका लागि 'स्प्रे अभियान' सुरु गरिसकेका छन् ।

गत वैशाखदेखि असोजसम्म देखिएको डेंगुको संक्रमणले नगरमा फैलिएको त्रास रोक्न यसपटक समयमै 'स्प्रे अभियान' सञ्चालन गरेर डेंगु नियन्त्रण गर्न सकिने उद्देश्यले अभियान सञ्चालन गरेको उपमहानगरको स्वास्थ्य शाखाका सिनियर अहेब अधिकृत अनन्त बाँस्कोटाले बताए ।

हेटौंडा-२ मनकामना चोकबाट आइतबारदेखि सुरु गरिएको स्प्रे चौकीटोल ओरालो, बजारको मुख्य क्षेत्र मेनरोड, फरेष्ट्री गेट, रजत जयन्ती चोकबाट पारिजातपथ र राप्तिरोडको चाइनाक्वार्टरसम्म पुगेको हेटौंडा उपमहानगरपालिका कार्यालयले जनाएको छ ।

स्प्रेका लागि उपमहानगरले बाहिरी भागमा रहेका लामखुट्टे मार्न ५ वटा 'स्प्रे गन' मेसिन र किटनाशक औषधिको प्रयोग गरेको छ । उपमहानगरले महामारी नियन्त्रण शाखाबाट ल्याएको लामखुट्टे मार्नका लागि प्रयोग हुने झोल औषधिको प्रयोग गरेर अभियान सञ्चालन गरिरहेको शाखाले जनाएको छ ।

शाखाका अनुसार अहिले लामखुट्टे नियन्त्रणका लागि प्रयोग भैरहेको औषधिले मानव स्वास्थ्यमा नकारात्मक असर नहुने बताइएको छ । लामखुट्टे देखिएसँगै अहिले केही संख्यामा डेंगुको संक्रमण देखिन थालेको उपमहानगरको स्वास्थ्य शाखाले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## हेटौंडामा १२ वर्षपछि बक्सिङको राष्ट्रिय प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौंडामा १२ वर्षपछि बक्सिङको राष्ट्रिय प्रतियोगिता हुँदैछ । बक्सिङमा २० जना भन्दा बढी राष्ट्रिय च्याम्पियन जन्माएको मकवानपुरले लामो समयपछि युवा लक्षित बक्सिङ प्रतियोगिता आयोजनाको तयारी पूरा गरेको छ ।

हेटौंडा-४, पारिजातपथ स्थित नवनिर्मित कभर्डहलमा ३० फागुनदेखि 'अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता' हुन लागेको हो । मकवानपुर जिल्ला बक्सिङ संघ र बागमती प्रदेश खेलकुद विकास परिषद्को संयुक्त आयोजनामा हुन लागेको प्रतियोगितामा २३ जिल्लाका १७ वर्षदेखि २१ वर्षसम्मका युवा खेलाडीको मात्रै सहभागिता हुने जनाइएको छ । संघले आइतबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिएको छ । भर्खरै बक्सिङ खेलमा लागेका युवाहरुलाई प्रोत्साहन गर्न प्रतियोगिता गर्न लागिएको बक्सिङ संघ मकवानपुरका अध्यक्ष दिपेश जोशीले जानकारी दिए ।

'१२ वर्ष अगाडि जिल्लामा राष्ट्रियस्तरको बक्सिङ प्रतियोगिता भएको थियो । त्यसपछि अहिले हुँदैछ,' अध्यक्ष जोशीले भने, 'मकवानपुरमा अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता हरेक वर्ष आयोजना गर्छौं ।,' ४ चैतसम्म हुने प्रतियोगितामा २३ जिल्लाको ३७ क्लबका १ सय ७८ जना खेलाडीहरुको सहभागिता रहनेछ । जसमध्ये १ सय ५० जना पुरुष र महिला खेलाडीको संख्या २८ छ । प्रतियोगितामा पुरुषतर्फ ९ र महिलातर्फ ७ वटा तौल समूहमा खेल संचालन हुनेछ । जसमा प्रत्येक तौल समूहका विजेता, उपविजेता र सेमिफाइनलमा पराजित हुने २ खेलाडीले क्रमश: दश हजार, पाँच हजार र तीन हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् ।



यसैगरी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट महिला तथा पुरुष खेलाडी, उत्कृष्ट टिम, बेष्ट रेफ्री र बेष्ट लुजरलाई नगद ३ हजार रुपैयाँ प्रदान गरिने अध्यक्ष जोशीले बताए । बक्सिङका अन्तराष्ट्रिय खेलाडीसमेत रहेका हेटौंडा-५ का वडा अध्यक्ष सुशील घिमिरेले प्रत्येक खेलको म्यान अफ द म्याचलाई वडा कार्यालयको तर्फबाट ३ हजार रुपैयाँ उपलब्ध गराइने जानकारी दिए । प्रतियोगितामा मकवानपुरका ७ जना खेलाडीको सहभागिता रहने संघले जानकारी गराएको छ । प्रतियोगिता यसअघि १५ फागुनदेखि सुरु गर्ने संघको तयारी थियो । तर, प्राविधिक कारणले प्रतियोगिता फागुन अन्तिमलाई सारिएको अध्यक्ष जोशीको भनाई छ ।

मकवानपुरबाट प्रतिनिधित्व गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा प्रतिस्पर्धा गरेर मेडल प्राप्त गरेका २३ जना खेलाडीलाई सम्मान गरिने अध्यक्ष जोशीले बताए । जसमध्ये आधा दर्जन पूर्वखेलाडीहरु देशबाहिर छन् । बाँकी स्वदेशमै खेल जीवनमै सक्रिय रहेको जोशीले बताए । प्रतियोगिताका लागि करिव ३५ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।

## चुरियामाई मन्दिर परिसरमा शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ मकवानपुर र बाराको सीमाना हेटौंडा उपमहानगरपालिका-१५, चुरियामाई मन्दिर परिसरमा एक जनाको शव फेला परेको छ ।

चुरियामाई मन्दिर छेउको सिँढीमा पहिचान खुल्न नसकेको करिब ५५ वर्षीय पुरुषको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । प्रहरीका अनुसार मृत फेला परेका पुरुष लामो समयदेखि मन्दिरमा बस्दै गरेको जोगी रहेको बुझिएको छ । मृतकको शवलाई पोष्टमार्टमका लागि अस्पताल ल्याइएको र घटनाबारे थप अनुसन्धान भइरहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८२७२५९८०६



साझाकुरा

## हाम्रो कुरा

# स्ववियुमा सक्षम नेतृत्व

क्याम्पसमा विद्यार्थीहरुको हकहित र शैक्षिक सुधारको पक्षमा वकालत गर्ने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) लाई कस्तो बनाउने भन्ने कुरा विद्यार्थीहरुको हातमा छ । क्याम्पसमा स्ववियु जति बलियो र सशक्त नेतृत्वको हातमा जान्छ, त्यति नै विद्यार्थीहरुको मुद्दा बलियो र सशक्त हुन्छ । विगतमा भैरहेका कमिकमजोरीलाई सुधार्दै सभ्य र उचित व्यवस्थापन र अधिकारको लडाइँ लड्न महत्वपूर्ण भूमिका स्ववियुकिो रहन्छ । नेपालमा करिब डेढ दशकपछि स्ववियु निर्वाचन हुँदैछ । त्यसअघिका वर्षहरुमा हुने गरेका नियमित निर्वाचनबाट चयन भएका स्ववियु नेतृत्व सबै क्याम्पसमा सशक्त र इमान्दार थियो भन्न सक्ने अवस्था छैन । स्ववियूका नाममा कमाउ धन्दामा लाग्ने, चुनाव जितेपछि विद्यार्थी हकहितका लागि सिन्को नभाच्ने प्रवृत्तिका विद्यार्थी नेताहरु पनि देखेकै हो । स्ववियुमा जितेर आफ्नो व्यापार व्यवसायमा ध्यान दिने तर, विद्यार्थीलाई अप्ठ्यारो पर्दा नभेटिएका उदाहरणहरु पनि छन् ।

१४ वर्षदेखि हुन नसकेको स्ववियू निर्वाचन आगामी चैत ५ गते हुने भएको छ । त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्वतन्त्र विद्यार्थी यूनियनको लागि देशभरका क्याम्पसमा छिटफुट बाहेक अधिकंश क्याम्पसहरुमा उम्मेदवारी दर्ता भइसकेको छ । प्रत्येक दुई-दुई वर्षमा हुने स्ववियू निर्वाचन २०६५ सालयता नियमित हुन सकेको छैन । ६ चैत २०६५ मा भएको स्ववियू निर्वाचन एकैपटक आठ बर्षपछि १५ चैत २०७३ मा भएको थियो । यसअघि त्रिविले पटक-पटक निर्वाचन घोषण गरेपनि विद्यार्थी संगठनबीच भएको विवादले निर्वाचन हुन सकेको थिएन । यसपालि भने शनिबारको उम्मेदबारीसंगै स्ववियू निर्वाचन सुनिश्चित भएको छ । पछिल्लो समय विद्यार्थी संगठनहरु स्ववियु निर्वाचन सफल बनाउन जुटिरहेको देखिन्छ । स्ववियू निर्वाचनमा अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निवाचित हुनेछन् । निर्वाचन मा २८ वर्षे उमेरहद्वन्दी कायम गरिएको छ ।

लाखौं पैसा खर्च गरेर नक्कली विद्यार्थी भर्ना गरी गुन्डागर्दीको आडमा चुनाव जित्ने र जितेपछि कहिल्यै विद्यार्थीको माझमा नफर्किने, चुनावमा भएको खर्च असुल्नका लागि विद्यार्थी कल्याणकारी कोषको दुरुपयोग गर्ने परम्पराको अन्त्य गर्न जरुरी छ । त्यसका लागि सबै विद्यार्थी फेरि आफ्नो तहतप्का बाट उठ्न र जुट्न आवश्यक छ । अब चयन हुने स्ववियु नेता गरिब तथा जेहेन्दारलाई उचित छात्रवृत्ति प्रदान गराउन सक्ने हुनुपर्छ नकि आफ्नो संगठनका सदस्य र आफन्तजनलाई छात्रवृत्ति दिलाउने । दूरदराजबाट आएर पढ्न नसक्नेलाई उचित आवासीय सुविधासहित पठनपाठन सेवा उपलब्ध गराउन सक्ने । क्याम्पसमा भएका विषय प्राध्यापकहरुलाई सक्रिय बनाउँदै समयसापेक्ष नयाँ विषयहरुलाई थप गर्न दबाब दिने । चर्को शुल्क असुली र अनावश्यक शुल्क असुलीलाई रोक्न सक्ने । भाषण चर्को गरेर राजनीतिक भऱ्याङ चढ्नेमात्र नभई विद्यार्थीको साँचो अर्थमा हीत चिताउने नेतृत्व चयन अहिलेको आवश्यकता हो । आफ्नो संगठनको व्हीपको नाममा असक्षम नेतृत्वलाई स्ववियु जिम्मा लगाउँदा समग्र क्याम्पसको शैक्षिक वातावरण धुमिल हुनुका साथै विद्यार्थीको आन्दोलन नै ओझेलमा नपर्ला भन्न सकिन्नँ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन ३० गते मंगलबार १४ मार्च २०२३ । सप्तमी चैत कृष्णपक्ष । चिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:१७, सूर्यास्त ६:११। पाई डे ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सन्तानको चिन्ता बढ्नेछ | **तुला** | : व्यापारमा हानि हुन सक्नेछ |
| **वृष** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **वृश्चिक** | : समाजमा सराहना हुनेछ |
| **मिथुन** | : रोकिएका काम सम्पादन | **धनु** | : मन प्रसन्न रहनेछ |
| **कर्कट** | : पठन-पाठनमा प्रगति हुनेछ | **मकर** | : विरोधी परास्त हुनेछन् |
| **सिंह** | : सभा-समारोहमा अवसर मिल्नेछ | **कुम्भ** | : व्यापारमा लाभ हुनसक्नेछ |
| **कन्या** | : आत्मविश्वासमा कमी आउने | **मीन** | : काममा सफलता मिल्नेछ |

# कांग्रेस गज्जबको पार्टी हो !



ध्रुवसत्य परियार

**सामन्ती व्यवस्थाले लादेका-हुर्काएका सबै प्रकारका विभेदको अन्त्य गर्न गणतन्त्र ल्याइएको हो र गणतन्त्रको सर्वोच्च महिमाको पद हो, राष्ट्रपति ।**

'म काठमाडौंको नेवार, यहाँ अरु दुई वरिष्ठ बाहुन छन्- कृष्णप्रसाद र गिरिजाप्रसाद । यदि म प्रधानमन्त्री बनेँ भने यी दुई वरिष्ठ बाहुन मिल्छन् र प्रधानमन्त्री भएको दुई-चार दिनमै मलाई घिक्लिक्क लडाउँछन् । यसपछि कांग्रेसभित्र विवाद हुन्छ । राजदरबारले त्यही चाहिरहेको छ । संविधान पनि बन्दैन । संविधान बनाउनकै लागि म प्रधानमन्त्री बन्दिनँ । मैले दुई बाहुनमध्ये एकजनालाई प्रधानमन्त्रीमा प्रसाव गरेँ भने अर्को बाहुनले समर्थन गर्छन् र कांग्रेस एकढिक्का बनेर अघि बढ्छ ।'

कांग्रेस र संयुक्त वाममोर्चाको आन्दोलनबाट पञ्चायत ढलेपछि राजा वीरेन्द्रले गणेशमान सिंहलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेका थिए । गणेशमानले कृष्णप्रसाद भट्टराईलाई अगाडि सारे । संयुक्त वाममोर्चाका नेताहरू पनि गणेशमान नै प्रधानमन्त्री बनून् भन्ने चाहन्थे । त्यसैले तत्कालीन वाममोर्चाकी अध्यक्ष सहाना प्रधान र नेता राधाकृष्ण मैनाली गणेशमानलाई भेट्न चाक्सीबारी गए । उनीहरू गणेशमानलाई प्रधानमन्त्री बन्नका लागि मनाउन गएका थिए । गणेशमानको तर्क सुनेपछि आफूहरू नतमस्तक हुन पुगेको राधाकृष्ण मैनालीले आफ्नो पुस्तक 'नलेखिएको इतिहास'मा उल्लेख गरेका छन् ।

कांग्रेस सधैँ एउटै गाथा गाउँछ- हामी प्रजातन्त्रका लागि लड्यौं, बहुदलका लागि लड्यौं । गणतन्त्र ल्याउन र संविधान लेखिन कांग्रेसको अहं भूमिका छ ।

यतिखेर देशमा तेस्रो राष्ट्रपतिका रूपमा निर्वाचित भएका छन्, कांग्रेस नेता रामचन्द्र पौडेल । तन्त्रशास्त्रमा होस् वा व्यवस्थाको तन्त्रमा- प्रतीक (चिह्न) ठूलो आधार हो । तन्त्रशास्त्रमा त प्रतीकको माध्यमबाटै साधना गरिन्छ र 'शक्ति' जगाइन्छ । राजनीतिमा व्यवस्था (तन्त्र)का माध्यमबाट शक्तिको बाँडफाँड गरिन्छ । राजतन्त्र ढालेर गणतन्त्र ल्याएपछि यसलाई 'अर्को छोटेराजा' शैलीको संस्था होइन, जनताको संस्था बनाउनुपर्नेमा राजनीतिक दलहरू करिब-करिब सहमत थिए । त्यसैले जातका हिसाबले अभिजातबाटै आएका भए पनि पहिलो र दोस्रो राष्ट्रपतिमा मधेस र महिला पर्न सफल भए । यसपालि भने 'पुरुषवाद, पहाडवाद र ब्राह्मणवाद'को 'प्रतीक'ले अवसर लिने अवस्था सिर्जना गरियो ।

आज कोही तर्क गर्ला- देशमा कहाँ जातीय, लैंगिक, भेगीय विभेद र छुवाछुत छ ? कानुनले हटाइसक्यो । तर, दुई-चारजना पढेलेखेका मान्छेको तर्कले सामाजिक अवस्था काट्न सक्दैन । सामन्ती व्यवस्थाले लादेका-हुर्काएका सबै प्रकारका विभेदको अन्त्य गर्न गणतन्त्र ल्याइएको हो र गणतन्त्रको सर्वोच्च महिमाको पद हो, राष्ट्रपति । देशमा गणतन्त्र र संघीयताको जग बलियो बनाउन दलहरूले राष्ट्रपतिमा उत्पीडित समुदायलाई ल्याएर सन्देश दिन सक्नुपर्थ्यो । यो कार्यकारी पद नहोस्, गणतन्त्रको सर्वोच्च प्रतीक अवश्य हो, (यद्यपि, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको मुद्दालाई माओवादी अझै छाडेको छैन) ।

यसपालि यस संवैधानिक पदबाट प्रतीकात्मक रूपमा गणतन्त्रको सन्देश दिन दलहरूले किन आवश्यक ठानेनन् ? यो प्रश्न भीरबाट गोरु खसिसकेपछि मान्छेका मुखबाट निस्केको 'कठै र च्व-च्व' शब्दजस्तो होइन । गणतन्त्र र संघीयतालाई बलियो बनाउने चुनौती पनि यस प्रश्नभित्र लुकेको छ । प्रतिक्रियावादी शक्ति र सम्भावनाहरू जुर्मुराउन थालेका बेला दलहरू भने सत्ता र पदको खिचातानीमा अल्झन अभ्यस्त हुँदै आएका छन् ।

कलिलो संविधानसँग कम्तीमा समाजवाद उन्मुख शब्दको 'सिङ' छ । संविधानका मौलिक हकहरूको सम्बोधन हुँदै जाँदा उत्पीडित वर्गले केही राहत पाउँथे कि भन्ने झिनो आशा जिउँदै छ । यो अवस्थामा, चुनावलाई महँगो बनाएर समाजका धनी वर्गलाई सत्तामा पुऱ्याउने षड्यन्त्रमा कांग्रेस लगायत दलहरू सफल भएकै छन् । संवैधानिक पद राष्ट्रपतिमा त सोच्न सकेनन्, अझै पनि मन्त्रिपरिषदलाई समावेशी बनाउन सकिने आधार छँदै छ ।

### कांग्रेसले नाम लिने धनमानसिंह

कांग्रेससँग अर्को पनि गाथागीत छ- हामीले २००९ सालमै धनमानसिंह परियारलाई महामन्त्री बनाएको हो ।

२००९ जेठ १० गते जनकपुरमा सम्पन्न कांग्रेसको पाँचौं महाधिवेशनले पार्टीको विधानलाई स्पष्ट स्वरूप प्रदान गर्न सकेन । त्यसैले सूर्यप्रसाद उपाध्यायको संयोजकत्वमा धनमानसिंह परियार, रामनारायण मिश्र र श्रीभद्र शर्मा सदस्य रहेको 'विधान संशोधन मस्यौदा समिति' गठन गरेर एक महिनाभित्र कार्य सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो । त्यसको करिब एक महिनापछि, असार ६ गते धनमानसिंह परियार र राजेश्वरी प्रसाद उपाध्यायलाई महामन्त्री र अरु १२ जनालाई सदस्य मनोनीत गरी नयाँ कार्य समिति गठन गरियो । २०१२ फागुन १७ गते, सभापति सुवर्णशमशेरले पार्टीको 'नयाँ केन्द्रीय कार्यसमिति'को गठन गरे, जसमा धनमानसिंह परियारलाई प्रशासन र संगठन मन्त्रीमा नियुक्त गरिएको थियो, (पुरुषोत्तम बस्नेतको पुस्तक : नेपाली कांग्रेसको इतिहासको प्रारूप) ।

त्यसको एक वर्षपछि (२०१३ मंसिरमा सुवर्णले कार्यसमितिमा दोस्रो पुस्ता ल्याउने नाममा धनमानसिंहलाई राखेनन् । धनमानसिंहको कहानी अन्ततः राजावादी भएर टुंगिन्छ । उत्पीडित समुदायका धनमान र नारदमुनि थुलुङ किन राजातिर लहसिन पुगे ? यसमा के कांग्रेसको दोष छैन ? यतातिर भने आजका कांग्रेसी नेता पस्न चाहँदैनन् । १७ सालको काण्डअघि राजा महेन्द्रले भरतमणि शर्मा, नारदमुनि थुलुङ, फदयराज शर्मा, धनमानसिंह परियार, गोपालप्रसाद भट्टराई लगायत १७ भाइलाई कांग्रेसबाट अलग्याउन सफल भएका थिए । यी सत्र भाइले २०१४ साउन ५ मा समानान्तर नेपाली कांग्रेस खोले । धनमानसिंहलाई त राजाले १०१९ सालमा राष्ट्रिय पञ्चायत सदस्यमा नियुक्त गरे ।

आज उत्पीडित वर्गलाई भड्काउन पश्चगमनकारी विभिन्न राजनीतिक शक्ति सक्रिय छन् । गरिबलाई भड्काएर धर्म परिवर्तन गराउने होडबाजी पनि चलिरहेकै छ । यो अवस्थामा, कांग्रेसजस्तो गज्जबको पार्टी अलिकति संवेदनशील भइदिए सामाजिक न्यायमा टेवा पुग्ने नै छ । कांग्रेससँग अर्को दललाई र पार्टीभित्रकै उत्पीडित समुदायका आकांक्षीलाई 'घिक्लिक्क लडाउने' सामर्थ्य अहिले पनि छ ।

प्रा.डा. राजेश गौतमले तयार पारेको 'कर्मयोगी राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई' पुस्तकमा भट्टराईले गणेशमानका बारेमा भनेका छन्, 'गणेशमान पार्टीको हितमा चौबीसै घन्टा चिन्ता गर्नुहुन्थ्यो । उहाँले अलग्गै केही पनि गर्नुभएन, त्यस्तो इच्छा व्यक्त गर्नुभएन र उहाँमा त्यस्तो कुनै इच्छा रहेको पनि देखिएन । उहाँले यो मेरो मानिस, यो उसको मानिस कहिल्यै भन्नुभएन ।'

अहिले संविधान, संघीयता, समावेशीकरणका लागि कांग्रेसका नेताहरू गणेशमान जत्तिकै हुन नसके पनि हाराहारीमा उभिने हिम्मत गर्नुपर्छ ।

रामचन्द्र संसद्को सभामुख छँदा राजा वीरेन्द्रले सोधेका थिए, 'नेपालजस्तो देशको प्रसंगमा संवैधानिक राजतन्त्रलाई कसरी बुझ्ने ?' रामचन्द्रले प्रतिप्रश्न गरे, 'सरकार ! देश चाहे नेपालजस्तो होस् चाहे बेलायत र जापानजस्तो, २१औं शताब्दीमा प्रजातन्त्रको परिभाषा र प्रयोग एकै हुनुपर्ने हैन र ?' यो प्रसंगलाई रामचन्द्रले आफ्नो पुस्तक 'अभिशप्त इतिहास : माघ १९ काण्डको नजर बन्दबाट'मा उल्लेख गरेका छन् ।

नेपालमा जस्तो जातीय, लैंगिक, क्षत्रीय, वर्गीय आदि विभेद जापान र बेलायतमा होला कि नहोला ? यसतर्फ पनि नेपालका नेताहरू सजग हुनुपर्छ ।

*(साभार: रातोपाटी)*

# राष्ट्र बैंकको लघुवित्त नीति 'आगो लाग्दा इनार खन्ने' जस्तो



हिरा विश्वकर्मा




अहिले दिनहुँजसो लघुवित्त सम्बन्धी समाचार र विचार आइरहेका छन् । त्यसमा ऋणीहरू मात्रै प्रताडित देखाइएको हुन्छ तर त्यसबाट स्वयं लघुवित्त संस्थाहरू कति आतंकित र हतोत्साहित छन्, त्यसको आकलन सञ्चार जगतले कम नै गरेको भान हुन्छ ।

गत फागुन १८ गते काठमाडौंमा लघुवित्तहरूको समिट आयोजना गरेको थियो । सो समिट भएको केही दिन अगाडि मात्र एनआईसी एशिया लघुवित्तका एकजना कर्मचारीलाई जाजरकोटमा मोसो दलेको समाचार भाइरल भयो ।

सो समिटमै गोरखामा मुख्य कार्यालय भएको एकजना लघुवित्तकी सीईओले अघिल्लो दिनको राति ११ बजे फोनमार्फत धम्की आएको सुनाइन् । उनले सुनाइन्, 'एकजना अज्ञात व्यक्तिले फोन गरेर यदि तेरो कर्मचारी भोलि गाउँमा किस्ता उठाउन आयो भने उसलाई कालोमोसो दलेर पठाइदिने धम्की दियो ।'

त्यहाँ राष्ट्र बैंकका लघुवित्त विभाग प्रमुख रेवतीप्रसाद नेपाल पनि उपस्थित थिए । उनका अगाडि ती सीईओको टिप्पणी थियो, 'हामी यस्तो आतंकित अवस्थामा छौं, राष्ट्र बैंकको अहिलेको लघुवित्त नीति लागेको आगो निभाउन पानी वा अन्य सामग्रीको जोहो गर्नुको साटो इनार खन्न लागेको छ ।'

नेपालको पुरानो लघुवित्तमध्येको अर्को एउटा लघुवित्तका सीईओले आफ्नो पीडा यसरी व्यक्त गर्दैथिए– 'विगत २४ वर्षदेखि लघुवित्त क्षेत्रमा काम गरिएको छ, १ रुपैयाँको बचतबाट सुरु गर्दै रु.५०० र १००० लगानी गर्दै अहिलेको अवस्थामा हामी आएका थियौं, तर अहिले यस्तो अवस्था सिर्जना भएको छ, जसले हाम्रो भविष्य त अनिश्चित भयो नै, यो क्षेत्र नै धरासायी हुने हो कि भन्ने चिन्ता भएको छ ।' आखिर यस्तो अवस्था किन सिर्जना भयो, यसमा क-कसको दोष तथा जिम्मेवारी छ, त्यसको संक्षिप्त चर्चा गर्नु यो आलेखको मुख्य उद्देश्य रहने छ र सकेसम्म अबको बाटो के भन्ने पनि चर्चा गरिनेछ ।

आजभन्दा १२ वर्ष अगाडिसम्म पनि नेपालमा लघुवित्तहरूको संख्या २४ वटा मात्रै थियो, त्यतिबेला पूरै सेवाको उद्देश्यबाट गैरसरकारी संस्थाहरूले गाउँ-गाउँमा लघुवित्तका सेवाहरू पुऱ्याइरहेका थिए । उनीहरूलाई न नाफा कमाउनु थियो न कुनै पूँजी निर्माण गर्नु । उनीहरूलाई राष्ट्र बैंकले नै सीमित कारोबार गर्न अनुमति दिएको थियो भने बैंकहरूले पनि आफ्नो प्राथमिकता प्राप्त क्षेत्र अर्थात् डिप्राइभ सेक्टरको ऋण उनीहरूलाई दिएको थियो ।

ती गैरसरकारी संस्थाका केही स्रोतहरूमा दातृ निकायले दिएको सहयोग पनि थियो, जसको प्रयोग उनीहरूले सीप विकास, उद्यमशीलता तथा बीउपूँजीमा समेत प्रयोग गरेका थिए । त्योभन्दा पहिले एशियाई विकास बैंकले एमसीपीडब्लु भन्ने परियोजना मार्फत ती गैरसरकारी संस्थाहरूलाई सहयोग पुऱ्याएको थियो । त्यसबाट गैरसरकारी संस्थाहरूले ऋणीहरूको छनोट तथा उनीहरूलाई आवश्यक पर्ने अन्य सहयोग दिन्थे भने कृषि विकास बैंकबाट ऋण प्रवाह गरिन्थ्यो ।

अर्थात् ती गैरसरकारी संस्थाहरूले मध्यस्थताको काम गरेका थिए । अर्थात् ऋणको साथमा त्यसको उत्पादनशील क्षेत्रमा प्रभावकारी उपयोगिताका लागि सहयोग गर्थे । ललितपुरको देवीचौर क्षेत्रमा सो कार्यक्रममार्फत भैंसी पालनलाई प्रवर्द्धन गरिएको थियो र भैंसी खरिद केही तराईका वितरकहरू मार्फत गरिन्थ्यो र त्यसको भुक्तानी बैंकले सीधै उनीहरूलाई गरिदिन्थ्यो ।

खरिद गरेको भैंसीले दूध दिन छाड्यो भने त्यसलाई दूध दिने अर्को भैंसीसँग सटही गर्ने सुविधा पनि थियो । तर केही समयपछि सो परियोजना पनि सकियो कृषि विकास बैंकको लघुवित्तमा प्रवाह गर्ने ऋण पनि के भयो थाहा छैन । पछि राष्ट्र बैंकले गैरसरकारी संस्थाहरूले चलाउने लघुवित्तलाई कम्पनीमा जान बाध्य बनायो । त्यसपछि ती गैरसरकारी संस्थाहरू ठूला बैंकबाट ऋण लिने र समूहलाई ऋण परिचालन गर्ने बिचौलियामा परिणत भए ।

यसरी बिचौलियामा लघुवित्त संस्थाहरू परिणत हुँदासम्म पनि स्थिति खासै बिग्रिएको थिएन । केही सीमित संख्यामा भएका र अधिकांश गैरसरकारी संस्थाहरूबाट लघुवित्त कम्पनीहरूमा परिणत भएका संस्थाहरूले सामूहिक जमानीमा सीमित रकमहरू मात्रै लगानी गरिरहेका थिए ।

त्यतिबेलाको उच्चतम लगानीको सीमा रु.३ लाखसम्म थियो जुन स्तरमा पुग्न ऋणी र लघुवित्तहरूको सम्बन्ध कम्तीमा पनि ३ वर्ष पुगेको हुन्थ्यो । तर लघुवित्त कम्पनीहरूको शेयरमा आएको उछाल र उनीहरूले वितरण गर्ने लाभांश अरू कम्पनीहरूले वितरण गर्ने भन्दा कैयौं गुणा बढी देखिएपछि यसमा ठूला बैंकहरूले आफ्नै भगिनी संस्थाको रूपमा लघुवित्त कम्पनीहरू खोले । ती सानो स्तरमा संचालित लघुवित्तहरूले लगानी गरेको ठाउँमा तीन लाखको सट्टा एकैचोटि ५ लाख लगानी गर्न थाले ।

यता ती सानो लगानी गरिरहेका संस्थाहरूलाई अप्ठेरो पर्न थाल्यो र उनीहरूले राष्ट्र बैंकसँग गुहार मागे । तर राष्ट्र बैंकले तोकेको सीमा भन्दा बढी लगानी गर्ने ठूला बैंकबाट प्रवर्द्धित सो लघुवित्तलाई कारबाही गर्नुको सट्टा उच्चतम लगानीको सीमा ७ लाख पुऱ्याइदियो । एउटा विकृति यहाँबाट पनि सुरु भयो ।

सुरु-सुरुमा सानो लगानी गरिरहेका लघुवित्तहरूले प्रतिस्पर्धामा टिक्नकै लागि पनि ठूलो लगानी गर्न बाध्य भए । उता ऋणीहरूलाई पनि विना धितो ठूल्ठूलो ऋण पाउन थालेपछि धेरै ठाउँबाट ऋण लिन थाले अनि एउटाबाट लिएर अर्कोलाई तिर्ने चलन चल्यो । अनि एउटामा संकट आउने बित्तिकै सबैमा समस्या देखियो । अहिले त्यसकै विकराल रूप देखिंदैछ ।

अहिले लघुवित्तको उद्योगमा सरदर खराब ऋण १० प्रतिशत पुगेको अनुमान गरिन्छ । राष्ट्र बैंकले तोकेको अधिकतम सीमा ५ प्रतिशत हो । उनीहरूको अवस्था राम्रो भएको बेला खराब ऋण ३ प्रतिशतको वरिपररि हुन्थ्यो । अहिले समग्र लघुवित्तमा ३३ लाख ऋणीहरू रहेका छन्, त्यसको १० प्रतिशत मान्दा ३ लाख ३० हजार खराब ऋणीहरू रहेको अनुमान गर्न सकिन्छ ।

त्यस्ता खराब ऋणीहरू दुईथरी देखिन्छन् । एकथरीको ऋण तिर्ने मनसाय नभएको देखिन्न, उनीहरूले केही थप लगानी पाएमा ऋण तिर्ने थियौं भनिरहेका छन् । एकथरी जो दुर्गा प्रसाईं जस्ता बैंकका ठूला ऋणीको पछि लागेका छन् जो विभिन्न बहानामा ऋण तिर्न नपरोस् भन्ने देखिन्छन् । अब यिनीहरूलाई दुई फरक तरिकाले सम्बोधन गर्नुपर्ने देखिन्छ ।

पहिले राष्ट्र बैंकले २० प्रतिशत भन्दा बढी लाभांश वितरण गर्ने अवस्थामा त्यसमा ग्राहक संरक्षण कोषमा १५ प्रतिशत राख्नुपर्ने भनेको थियो अहिले त्यो सीमालाई घटाएर १५ प्रतिशतमा ल्याएको छ र सो प्रतिशतभन्दा बढी लाभांशको ३५ प्रतिशत ग्राहक संरक्षण कोषमा हाल्नुपर्ने र सामाजिक उत्तरदायित्व कोषमा खुद नाफाको १ प्रतिशतका अतिरिक्त १५ प्रतिशत राख्नुपर्ने भनेको छ । दूरगामी हिसाबले यो प्रावधान ठीकै देखिन्छ तर अहिले यो आर्थिक वर्षमा जति पनि लघुवित्त कम्पनीहरूले नाफा वितरण गरेका छन्, त्यो सबै गत आर्थिक वर्ष वा त्योभन्दा अगाडि समेत कमाएको रकम हो ।

अहिले अस्तित्वमा रहेका ६० र ४ (होलसेल लेण्डर) मध्ये कसैले पनि आगामी ३ वर्षसम्म नाफा बाँड्न सक्ने स्थिति देखिंदैन । किनभने उनीहरूको सबैभन्दा ठूलो चुनौती भनेको १० प्रतिशत खराब ऋणलाई ५ प्रतिशत भन्दा तल झार्नु हो । त्यसका लागि ऋण असुली र लगानी वृद्धि दुइटा उपाय हुन्छन् तर अहिले ठूला बैंकहरूमा समेत तरलताको चरम अभाव र त्यसमा पनि १५ प्रतिशतसम्म ब्याजमा लिएर १५ प्रतिशतमै लगानी गर्नुपर्ने अवस्थामा लघुवित्तहरू थप ऋण लगानी गर्ने अवस्थामा देखिन्नन् । उता ऋण असुली गर्न जाँदा कर्मचारीहरू यति असुरक्षित छन् कि पलपलमा कुटिने र कालोमोसो दलिने स्थिति रहेको छ ।

हरेक समस्याका समाधान हुन्छन् । सबैभन्दा पहिले लघुवित्तहरू आपसमा सहकार्य गर्नुपर्छ । अहिले सबैसँग करोडौं रकम ग्राहक संरक्षण कोषमा थुप्रिएको छ, यो रकमलाई उत्पादनशील काममा तथा त्यसलाई सहज बनाउने गतिविधिमा लगानी गर्नुपर्छ । यसमा राष्ट्र बैंकको विद्यमान नीति बाधक हुन सक्छ, त्यसमा पुनरावलोकन गरिनुपर्छ ।

१५ प्रतिशत ब्याजमा ऋण लिएर १५ प्रतिशतमा लगानी गर्ने कुरा असंभव जस्तो छ । ठूला कृषकहरूलाई बैंकहरूले ६ प्रतिशतमा लगानी गर्छन् । बाँकी ६ प्रतिशतको अनुदान सरकारले दिन्छ, तर गरिबसँग प्रत्यक्ष जोडिएको लघुवित्तहरूलाई यस्तो कुनै सुविधा न त सरकारले न राष्ट्र बैंकले दिएको छ ।

सरकारले नाफामा गएका लघुवित्तहरूसँग लामो समय सम्म ३० प्रतिशत कर कसेर लिने गरेको छ । त्यसको हिसाब गर्ने हो भने अर्बौंमा हुन्छ । आफूले उठाएको रकमबाटै भए पनि अहिले संकटमा रहेका लघुवित्तहरूलाई उकास्ने नीति लिनुपर्छ ।

जनार्दन शर्मा अर्थमन्त्री भएको बेला करिब ५ खर्बको लघुवित्त कोष खडा गर्ने नीति आएको थियो त्यसलाई ऐन वा कार्यविधि मार्फत लागू गर्न सरकारले तुरुन्तै पहल गर्नुपर्छ । लघुवित्तहरूले उत्पादनशील क्षेत्रमा लगानी बढाउनको लागि आवश्यक सीप उद्यमशीलता, उत्प्रेरणा, बजारका लागि सरकारको घरेलु विभाग, स्थानीय तहहरूसँग सहकार्यलाई तीव्रता दिनुपर्छ । ऋण लिएर नतिर्नेको लागि अराजकताको बाटो अपनाएकालाई कानुनी कठघरामा ल्याउनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# प्रादेशिक अस्पतालमा कार्यालय सहयोगीले गर्छन् ल्याब टेस्ट, भेटियो गलत रिपोर्ट

जनकपुरधाम/जनकपुर धाम उपमहानगरपालिका-२१ कुर्थाकी ५९ वर्षीया कौशल्या देवी साह अस्वस्थ भएपछि फागुन १५ गते प्रादेशिक अस्पताल जनकपुरमा भर्ना भइन् ।

अस्पतालमा उनको रगतमा चिनीको मात्रा लगायत तीनवटा परीक्षण गरियो । ल्याब रिपोर्टमा चिनीको मात्रा ४२२.५ देखियो । ग्लुकोज बढेर अवस्था गम्भीर भएको भन्दै परिवारजन अतालिए । काठमाडौं लैजानेसम्मको तयारी भयो । तर अस्पतालकै एक चिकित्सकले ल्याब रिपोर्टमाथि शंका गरेर बाहिरको ल्याबमा पुन: परीक्षण गराउन सुझाव दिए । बाहिरको ल्याबमा स्याम्पल परीक्षण गराउँदा रिपोर्टमा ग्लुकोजको मात्रा ११८.७ आयो, जुन सामान्य थियो ।

'आमा ग्यास्टिकको बिरामी हुनुहुन्थ्यो । सुगर धेरै बढेको ल्याब रिपोर्ट आएपछि काठमाडौं लैजाने तयारी थाल्यौं' कौशल्याकी छोरा रमाशंकरले भने, 'एकजना चिकित्सककै सल्लाहमा बाहिरको ल्याबमा परीक्षण गराउँदा रिपोर्ट सामान्य आयो । त्यसपछि बल्ल दिमाग अलि शान्त भयो ।'

महोत्तरीकी २८ वर्षीया बसिरा खातुनले गर्भको नियमित जाँच प्रादेशिक अस्पतालमै गराउँदै आएकी छन् । गत माघ १२ गते चिकित्सकको सल्लाह अनुसार उनले रक्त समूह परीक्षण गराइन् । ल्याब रिपोर्टमा 'ओ' पोजेटिभ आयो । उनीसँगै उनको जाँच गर्दै आएका चिकित्सक पनि झस्किए । किन भने प्रादेशिक अस्पतालमै गत ११ असोजमा गराएको परीक्षणमा रक्त समूह 'बी' पोजेटिभ देखिएको थियो ।





चिकित्सकलाई नै रिपोर्ट गलत लागेपछि बाहिरको ल्याबमा परीक्षण गर्न सुझाव दिए । बाहिरको ल्याबमा परीक्षण गराउँदा रक्त समूह 'बी' पोजेटिभ देखियो । अर्थात् प्रादेशिक अस्पतालको पछिल्लो बसिराको ल्याब रिपोर्ट गलत सावित भयो ।

'गर्भाअवस्था महिलाको संवेदनशील अवस्था हो । रगतको जुनसुकै बेला अभाव भएर चढाउनुपर्ने हुन सक्छ । यसरी ल्याबको गलत रिपोर्टले ज्यानै जान सक्ने सम्भावना हुन्छ', एक चिकित्सकले भने, 'यो ल्याबको चरम लापरवाही हो ।'

फागुन १९ गते हामी प्रादेशिक अस्पतालको प्रयोगशालामा पुग्दा बिरामीले दिएको नमुना परीक्षणमा व्यस्त थिए कार्यालय सहयोगी सुरेन्द्र यादव । उनीसंग हामीले नाम र पद सोध्दा हच्किए । 'भित्र हाकिम हुनुहुन्छ । उहाँसंगै बुझ्नुस्' भन्दै उनी हिँडे । भित्र कुर्सीमा बसिरहेका थिए ल्याब टेक्निसियन निरीक्षक दुश्यन्त मिश्र ।

मिश्रले यादव कार्यालय सहयोगी भएको बताए । जनशक्ति अभावका कारण उनलाई नमुना संकलनको काममा लगाएको जिकिर गरे । 'जनशक्ति अभावको कारण कार्यालय सहयोगीहरुले बिरामीबाट स्याम्पल कलेक्सन गर्नुहुन्छ । जाँच हामी नै गर्छौं', मिश्रले भने । तर, अस्पतालकै चिकित्सकहरु अनौपचारिक कुराकानीमा कार्यालय सहयोगीले नमुना परीक्षण गर्ने गरेको स्वीकार गर्छन् ।

'प्रादेशिक अस्पतालको ल्याब रिपोर्ट धेरै अविश्वसनीय छ । प्राय: यस्तो गलत रिपोर्ट भेटिइरहन्छ' एक चिकित्सकले नाम उल्लेख नगर्ने शर्तमा भने, 'रिपोर्टकै आधारमा हामीले औषधी उपचार गर्छौं । गलत रिपोर्टको आधारमा औषधी उपचार भयो भने बिरामीको ज्यानै जान सक्ने सम्भावना रहन्छ ।'

अस्पतालका ल्याब इन्चार्ज परमेश्वर यादवले जनशक्तिको अभावका कारण कार्यालय सहयोगीलाई नमुना संकलनको काममा लगाएको दाबी गर्छन् । 'स्याम्पल कलेक्सनमा मात्र कार्यालय सहयोगी रहन्छन् । जनशक्ति छै, तर परीक्षण हामी आफैले गर्छौं' उनले भने, 'दिनमा तीन चारसय जनाको ल्याब परीक्षण हुन्छ । चारजना मात्रै ल्याब टेक्निसियन रहेकाले स्याम्पल कलेक्सनमा सहयोग लिने गरेका छौं ।' ल्याब इन्चार्ज यादवले आफूहरुले गलत रिपोर्ट भने नदिएको दाबी गरे ।

अस्पतालका निर्देशक डा. प्रमोद यादव कार्यालय सहयोगीलाई प्रयोगशालाको काममा लगाउनु सामान्य विषय मान्छन् । 'अस्पतालमा जनशक्तिको अभाव छ । त्यतातिर सरकारले ध्यान दिँदैन । यो कुराहरुको बारे पनि ध्यान दिनुस्' उनले संचारकर्मीलाई भने । हाल ३०० बेडको यो अस्पताल मधेश सरकारले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत ल्याएको एक वर्ष भएको छ । तर, प्रतिष्ठान मातहत आएयता प्रादेशिक अस्पतालमा उपचार सेवा झनै भद्रगोल बनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'छड्के २' नचल्नुको दोषी अनमोल कि निर्देशक ?




काठमाडौं/फिल्म 'छड्के २'को बक्सअफिसमा अकल्पनीय दुर्घटनाले नेपाली फिल्म क्षेत्र नै स्तब्ध बनेको छ । किनकि, यो फिल्मप्रति व्यावसायिक अपेक्षा उच्च थियो । त्यसको कारण एउटै थियो, फिल्ममा 'मेगास्टार' कहलिएका अनमोल केसी थिए । उनी भएपछि बक्सअफिसमा आँधी आउने आँकलन गरिन्थ्यो । उनको नामैले फिल्म प्रदर्शनको दुई/चार दिन हलमा दर्शकको मेला लाग्छ भनिन्थ्यो । तर, 'छड्के २'मा यी केही भएनन् । फिल्मको एउटा शो समेत हाउसफुल हुन सकेन ।

मल्टीप्लेक्सहरुले दर्शकको चर्को खडेरीका कारण फिल्मलाई प्रदर्शनको ५/६ दिनमै हटाए । अनमोलका फिल्म मल्टीप्लेक्समा एक हप्ता पनि टिक्न नसकेको यो पहिलो पटक हो । र, 'छड्के २' कन्टेन्ट र व्यावसायिक दुवै हिसाबले उनको करिअरकै सबैभन्दा कमजोर बन्न पुगेको छ । फिल्म नचलेपछि अनमोलले शुक्रबार सामाजिक सञ्जालमा एक नोट लेख्दै नवौं फिल्मसम्म आइपुग्दा आफू परिपक्व हुनुपर्नेमा त्यसमा चुक्न पुगेको स्वीकारोक्ति व्यक्त गरे । अबको फिल्ममा दर्शकलाई निराश नबनाउने उनले वाचा गरेका छन् ।

'छड्के २'का लागि अनमोलले ५० लाख पारिश्रमिक लिएको चर्चा छ । यति ठूलो पारिश्रमिक निर्माताले उनको स्टारडमलाई तिरेका थिए । तर, दुर्भाग्य ! फिल्मले एक हप्तामा ३० लाखको कलेक्सन पनि गर्न सकेन । यसले अनमोलको स्टारडममाथि नै ठूलो प्रश्न उठाएको छ । तर, अनमोलले आफ्नो नोटमा 'छड्के २' असफल हुनुको दोष न आफूले लिएका छन् न निर्देशक तथा लेखक निगम श्रेष्ठलाई दिएका छन् । आखिर यसको दोषको भारी कसको थाप्लोमा बढी पर्छ ?

'मंगलम' फेम्ड निर्देशक नवल नेपाल 'छड्के २' असफल हुनुको दोष नैतिक हिसाबले निर्देशकले लिनुपर्ने धारणा राख्छन् । 'नैतिक रुपले त्यसको दोष निर्देशकले नै लिनुपर्छ । किनकि, हरेक ठाउँमा निर्णय गर्ने अधिकार निर्देशकसँग हुन्छ,' उनी अनमोलबारे टिप्पणी गर्दै भन्छन्, 'उहाँले ७/८ वटा एकै कलरका फिल्महरु गर्नुभयो । यही क्यारेक्टरलाई निरन्तरता दिनुको सट्टा अलिकता 'टर्न' गर्छु भनेर उहाँले फरक क्यारेक्टरमा 'एक्सपेरिमेन्ट' गर्न खोज्नुभयो । उहाँको यो आँट सकारात्मक छ तर त्यो आँटलाई दर्शकले स्वीकार गरेनन् । त्यसकारण प्रमुख रुपमा निर्देशकको नै गल्ती भए पनि अनमोल पनि भागिदार भने हुन् ।'

'छड्के २' व्यावसायिक रुपमा असफल हुनुलाई उनी अनमोल त्यसखालको क्यारेक्टर गर्न परिपक्व नभैसकेको सन्देशको रुपमा लिन्छन् । तर, 'छड्के २'को असफलताले अनमोलको करिअरमा कुनै धक्का नलाग्ने उनको तर्क छ । 'भोलि उहाँले अब्बल कन्टेन्ट र स्क्रिनप्लेमा अब्बल काम गर्नुभयो भने यी सबै कुरा विर्सिएर जान्छन् । हामी नेपालीहरुको संस्कार नै यही हो । राम्रो काम गरेर पेश भइयो भने अघिल्ला गल्तीहरु मेटिएर जान्छन् । त्यसैले म उहाँको आगामी दिनहरु नराम्रो देख्दिनँ । एकदमै राम्रो देख्छु । तर, अब उहाँले कुन चरित्र गर्दाखेरि न्याय गर्न सक्छु भनेर चाहिँ सोच्छु पर्छ,' उनको सुझाव छ ।

नेपाली फिल्मका पटकथा तथा संवाद लेखक प्रदीप भारद्वाज 'छड्के २' असफल हुनुमा निर्देशक र अनमोल दुवै पक्षलाई दोषी मान्छन् । उनी भन्छन्, 'अनमोललाई क्यारेक्टर मन परेर फिल्म गरेको हो । तर, स्क्रिप्ट बुझ्न नसक्नु उसको दोष हो । र, स्क्रिप्ट राम्रो नलेख्नु र निर्देशन राम्रो नहुनु निर्देशकको दोष हो ।' तर, एउटा फिल्म नचल्दैमा अनमोलमाथि सबै दोषको भारी थोपर्नु गलत हुने उनको धारणा छ ।

स्टारडमले फिल्म चल्छ भने बुझाइलाई 'छड्के २'ले एकपटक फेरि गलत सावित गरेको भारद्वाज बताउँछन् । 'कलाकारको स्टारडममा मात्र भर परेर फिल्म बनाउनु हुँदैन । कन्टेन्ट बलियो चाहिन्छ,' उनी अगाडि भन्छन्, 'फिल्म भनेको टिमवर्क हो । हाम्रो शरीरको कुनै भागमा चोट लाग्यो भने पूरै शरीरमा दुखाई महसुस हुन्छ । फिल्ममा पनि सबै अंगहरुले काम गर्नुपर्छ ।'

त्यस्तै, फिल्म समीक्षक तथा स्क्रिप्ट राइटर सामीप्यराज तिमल्सिना 'छड्के २' असफल हुनुको मुख्य दोषी निर्देशकलाई मान्छन् । 'फिल्म भनेको निर्देशकको माध्यम हो । तर, मिडियादेखि निर्मातासम्मले 'फिल्म भनेको अनमोल हो र अनमोल भनेको फिल्म हो' भन्ने बुझाइ बनाए । अनमोलले पनि 'फिल्मको म सानो हिस्सा मात्र हुँ' भनेर बुझेको भए पनि समस्या हुँदैन थियो । उसलाई 'फिल्म भनेकै म हुँ' भन्ने हिसाबले प्रशिक्षित गरियो र उसले पनि त्यसलाई आत्मसात् गर्‍यो । त्यो चाहिँ गलत थियो । त्यसैले फिल्म असफल हुँदा उसलाई असर त गर्ने नै भयो, किनकि ऊ ठूलो स्टार हो । तर, मिडियमको हिसाबले पहिलो दोष निर्देशकलाई जान्छ । निर्देशक असफल भएको हो,' उनले भने ।

'छड्के २'मा अनमोलले बुझेको पारिश्रमिक र मेगास्टार भनेर गरिएको प्रचारलाई हेर्दा चाहिँ उनी अनमोल असफल भएको मान्छन् । 'मेगास्टार भनेर जुन चिजमा अनमोल रमाइरहेका छन्, त्यो हिसाबले चाहिँ 'छड्के २'को असफलताको दोष उनले पनि लिनुपर्छ,' समीक्षक तिमल्सिनाको तर्क छ, 'क्रियटिभ्ली हेर्ने हो भने निर्देशक (निगम श्रेष्ठ) असफल भएको हो र प्याकेजमा हेर्ने हो भने अनमोल असफल हो ।'

# चीनको 'आउटबाउन्ड' गन्तव्य सूचीमा नेपाल, पर्यटन क्षेत्रमा उत्साह

काठमाडौं/चीन सरकारले नेपाललाई आफ्ना नागरिकले निर्बाध घुम्न पाउने सूचीमा नेपाललाई समेत सूचीकृत गरेको छ । नेपालस्थित चिनियाँ दूतावासका अनुसार १५ मार्च २०२३ (१ चैत)देखि चिनियाँ नागरिकलाई एजेन्सीहरुले नेपाल भ्रमणका लागि प्याकेज बिक्री गर्न सक्ने भएका छन् । यसले नेपालको पर्यटनमा थप उत्पाह ल्याउने व्यवसायीहरुको अपेक्षा छ । पर्यटन व्यवसायी राजेन्द्र सापकोटाका अनुसार यो खबरले सबैभन्दा ठूलो उत्साह चिनियाँ पर्यटकलाई नेपाल भित्राउने व्यवसायीमा आएको छ । 'कोभिड-१९ यता उनीहरुको अवस्था निकै दयनीय थियो,' उनी भन्छन्, 'अब एकसाथ ठूलो सुधार आउने अपेक्षा गर्न सकिन्छ ।'

व्यवसायीहरुका अनुसार चिनियाँ नागरिकका बीचमा नेपाल लोकप्रिय गन्तव्य भित्रै पर्छ । यसो हुनुमा नेपाल चीनको नजिकको मुलुक हुनु र विना ट्रान्जिट सिधा उडानबाट नेपाल आउन सकिने भएको सापकोटा बताउँछन् ।

'उनीहरु समूहमा आउँछन् र पर्यटनमा एकसाथ उत्साह ल्याउँछन्' सापकोटाले भने । जसबाट ट्रेकिङ गाइडदेखि होटल र यातायातमा समेत राम्रो मुभमेन्ट देखिने उनको भनाइ छ ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का महासचिव विनोद सापकोटाका अनुसार एउटा चिनियाँ समूह आयो भने एउटा होटल नै भरिने सम्भावना हुन्छ । जसले पर्यटन बजारमा राम्रो चहलपहल ल्याउँछ ।'

**चिनियाँ नागरिक आगमनको बढ्दो ग्राफ**

नेपालमा कोभिड-१९ को संक्रमण हुनु अगाडि सन् २०१९ मा इतिहासमै सर्वाधिक पर्यटक नेपाल आएका थिए । सो वर्ष ११ लाख ९७ हजार १९१ जना पर्यटक नेपाल आएका थिए । उक्त वर्ष भारतीयपछि नेपालमा चिनियाँ पर्यटक सर्वाधिक संख्यामा भित्रिएका थिए ।

नेपाल पर्यटन बोर्डका अनुसार सन् २०१९ मा चिनियाँ पर्यटकको संख्या १ लाख ६९ हजार ५४३ जना थिए । यस वर्ष भारतीय पर्यटकको संख्या २ लाख ५४ हजार १५० जना रहेको थियो । त्यसपछि भने चीनले आफ्ना नागरिकलाई अन्य मुलुकमा भ्रमणमा जान रोक लगायो । सन् २०२३ पछि भने चीनले आफ्ना नीतिहरु खुकुलो बनाउँदै गयो । यसको प्रभाव तथ्यांकमा देखिन थालेको छ । फेब्रुअरी २०२३ मा २ हजार २६६ जना चिनियाँ पर्यटक नेपाल आएका छन् । अघिल्लो महिना (जनवरी) मा भने १ हजार ४३६ जना चिनियाँ पर्यटक नेपाल आएको तथ्यांक छ ।



**अफसिजनका पाहुना**

नेपालमा पर्यटन तथा होटल व्यवसायीहरु चिनियाँ पर्यटकलाई अफसिजनका आकर्षक पाहुना मान्छन् ।

होटल संघ नेपाल (हान)का कार्यसमिति सदस्य युवराज श्रेष्ठका अनुसार नेपालमा अफसिजन भएका बेला ठूलठूला ग्रुपमा चिनियाँ नागरिक आउँछन् । यसले अफसिजनमा राम्रो विजनेस हुन्छ । 'युरोपेली र भारतीय पर्यटकको एक निश्चित सिजन हुन्छ, उनी भन्छन्, 'नेपाल आउन चिनियाँ नागरिकले सिजन खोज्दैनन् ।'

**खर्चालु पर्यटक मानिन्छन् चिनियाँ**

संसारमा सबैभन्दा बढी खर्च गर्ने पर्यटकको सूचीमा चिनियाँ पर्छ । टानका महासचिव सापकोटाका अनुसार चिनियाँहरु घुमफिरसँगै सपिङमा बढी रमाउँछन् । जसले गर्दा नेपालको स्वदेशी उत्पादनले राम्रो व्यापार पाउँछ ।

भारतीय पर्यटकको रुची खानपान र परिकारमा बढी देखिन्छ,' उनी भन्छन्, 'चिनियाँ नागरिक सपिङमा रमाउँछन् ।' हानका कार्यसमिति सदस्य श्रेष्ठका अनुसार होटलका लागि समेत चिनियाँ आकर्षक पर्यटक मानिन्छन् । 'चीनबाट घुमफिरमा निस्कने धेरैजसो पर्यटक उच्च र मध्यम आय भएकाहरु नै हुन्छन्,' उनी भन्छन्, 'होटलका लागि समेत चिनियाँ पर्यटक खर्चालु मानिन्छन् ।'

**विविध गतिविधिमा रमाउँछन् चिनियाँ**

व्यवसायीहरुका अनुसार नेपालमा यूरोप र अमेरिकी मुलुकबाट आउने पर्यटक लामो पदयात्रामा जान रुचाउँछन् । तर, चिनियाँ नागरिकलाई यस्तो रुची छैन । उनीहरु समूहमा आउँछन् र एक क्षेत्र भित्रका अनेक गतिविधिमा रमाउँछन् ।

पर्यटन व्यवसायी सागर पाण्डेका अनुसार पोखरा पुगेका चिनियाँ नागरिक सो क्षेत्र भित्रका प्याराग्लाइडिङ, जिपलाइन, हट एयर बलुन, बन्जी, बोटिङ सबै गर्न रुचाउँछन्, तर उनीहरु लामो पदयात्रामा भने जान रुची राख्दैनन् ।

नेपालमा काठमाडौं, पोखरा र चितवन चिनियाँ नागरिकले सबैभन्दा बढी रुचाएका गन्तव्य हुन । काठमाडौंको सम्पदा क्षेत्रको भ्रमणमा उनीहरु बढी आकर्षित हुन्छन् । चिनियाँ पर्यटक भित्रँदा पर्यटनसँग जोडिने सबै क्षेत्रले एक साथ विजनेश पाउने टानका महासचिव सापकोटा बताउँछन् ।

**हवाई यात्राले खोल्दैछ बाटो**

नेपालमा कोभिडयता चीनले हवाई उडानलाई रोक लगाएको थियो । उडानमाथिको प्रतिवन्ध फुकुवा हुने क्रम जारी छ । त्यसपछि चाइना साउर्दनले नेपालमा उडान थालेको थियो । त्यसपछि हिमालय एयरलाइन्सले उडान सुचारु गर्‍यो । अहिले यो कम्पनीले कुनमिङ र बेइजिङमा नियमित उडान गरिरहेको छ । एयर चाइनाले छेन्दु-काठमाडौं रुटमा उडान थालेको छ । सिचुवान एयरले समेत नेपालमा सातामा चार उडान गर्ने गरी तालिका सार्वजनिक गरिसकेको छ । यी उडानमार्फत अधिकांश पर्यटकले यात्रा गर्ने भएकाले यसले नेपालको पर्यटनमा उत्साह ल्याउने व्यवसायीको अपेक्षा छ ।

*(स्रोत: अनलाइनखबर)*

# नेपालमै 'खानी' इञ्जिनियर उत्पादन गर्दै केयू




काभ्रेपलाञ्चोक/ काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय (केयू)ले खानी तथा खानीजन्य उद्योगमा आवश्यक पर्ने इञ्जिनियरिङ जनशक्ति उत्पादन गर्ने भएको छ । यसका लागि केयूले स्नातक तहमा भू-विज्ञान तथा माइनिङ इञ्जिनियरिङ (खानी इञ्जिनियर)को अध्यापन सुरु गर्ने भएको हो ।

**देशभित्र 'खानी' इञ्जिनियरको**

अभाव महसुस गरी केयूले उक्त विषयको अध्यापन गरिने जनाएको छ । उक्त विषयमा आगामी शैक्षिक सत्रदेखि स्नातक तहमा अध्यापन सुरु गर्ने योजना रहेको विश्वविद्यालयका उपकुलपति प्रा डा भोला थापाले बताए ।

'देशमा रहेका खानीजन्य उद्योगमा आवश्यक पर्ने इञ्जिनियरको अभाव देखिएको छ, त्यसका लागि स्नातक तहमा चारवर्षे भू-विज्ञान तथा माइनिङ इञ्जिनियरिङको अध्यापन सुरु गर्न लागेका हौं' उनले भने । नेपालमा खानीजन्य उद्योगको विकास हुँदै गए पनि जनशक्ति भने अभाव हुँदै गएको थापाको भनाइ छ ।

'पाठ्यक्रमको मस्यौदा तयार गरिसकेका छौं, खनिजको अन्वेषण, उत्खनन, प्रशोधन र उपयोगका लागि त्यसको गुणस्तरको सुनिश्चितता गर्नेबारे अध्यापन हुनेछ', थापाले भने । उनका अनुसार विश्वविद्यालयले उक्त विषयमा वार्षिक ३० जना विद्यार्थीलाई अध्यापन गराउने छ । उक्त विषय नेपालमा नै पहिलो पटक अध्यापन हुनेसमेत जनाइएको छ ।

**नेपालमा खानी इञ्जिनियरिङ**

विषयको अध्यापन नभएका कारण खानी तथा भूगर्भ विभागमा दरबन्दीअनुसारको कर्मचारीको अभाव छ । विज्ञका अनुसार नेपालका विभिन्न स्थानमा उद्योग तथा सामग्री निर्माणका लागि आवश्यक पर्ने चुनढुङ्गा, कोइला, रातो माटो, ग्रेनाइट, सिङमर्मर, कोइला, सुन र बहुमूल्य र अर्ध-बहुमूल्य पत्थर (टुरमलाइन, एक्वामेरिन, रुवी र नीलमणि) रहेको छ ।

यस्तै केयूले सुरु गर्न लागेको भू-विज्ञान तथा माइनिङ इञ्जिनियरिङ विषयलाई गण्डकी विश्वविद्यालयले पनि सञ्चालन गर्न चासो देखाउँदै गत माघ दोस्रो साता केयूसँगै सम्झौता गरेको थियो ।

केयूले दुईसाता अघिमात्रै काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिकामा सुरुङमार्ग निर्माणका लागि अध्ययन गर्न सम्झौता गरेको थियो । सम्झौतामा गाउँपालिकाको ४, २ र १ वडामा पर्ने बाइसेढुङ्गाबाट दुर्लुङखोला हुँदै चौतारीसम्म चार महिनामाभित्र सुरुङमार्ग अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख गरिएको छ ।

# 'बहाव' गीतमा सुरक्षाको उराठ मन

काठमाडौं/प्रमोद कँडेलको लेखन तथा निर्देशनमा बनेको फिल्म 'बहाव'को पहिलो गीत सार्वजनिक गरिएको छ ।

आगामी चैत २४ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा समावेश 'यो मन रोग' गीतमा सज्जा चौलागाईंको स्वर, सुष्मा सिग्देलको शब्द तथा सुशान्त गौतमको संगीत रहेको छ । फिल्मकी मुख्य पात्र अभिनेत्री सुरक्षा पन्तको खुसी, निराशा र छटपटीको भावलाई गीतमा प्रस्तुत गरिएको छ ।

गीतको पृष्ठभूमिमा देखाइएको पानीको बहावजस्तै कथाले पनि सुरक्षा पन्तको जीवनमा आउने बहावलाई देखाएको प्रमोदले बताए । 'बहाव नयाँ चिजको खोजीमा भइरहेको अवस्थाको विद्रोह हो ।

फिल्ममा दुई पात्रबीचको अन्तद्वन्द्वपछिको विद्रोहलाई सुरक्षाको चरित्रमार्फत् देखाउन खोजेका छौं', उनले स्पष्ट पारे । फिल्मको विषयवस्तु 'जिज्ञासा, विचार अनि यथार्थको कथा'मा आधारित छ ।

फिल्ममा सुरक्षासँगै कमलमणि नेपाल, अफरान अली, इश्वरी सिंह, हीरालाल कँडेल, सुर्य शर्मा भट्ट र पवन श्रेष्ठको पनि अभिनय छ । स्वर्णिम इन्टरटेनमेन्ट र योङ स्टार सिनेमाको प्रस्तुति रहेको फिल्मका निर्माता श्रीधर पौडेल हुन् । उनले यसअघि फिल्म 'गोपी' निर्माण गरेका थिए । निर्माता पौडेलले आफ्नो स्वन्त्रता आफैंमा कैद गर्नेहरुका लागि मार्गप्रशस्त गर्ने कथामा फिल्म बनेको बताए ।

सुजन बडालको सम्पादन, वसन्त सापकोटा, सुशान्त गौतम र रिकेश गुरुङको संगीत रहेको यस फिल्ममा अनन्त घिमिरेको कलर करेक्सन, मुकेश शाहको साउण्ड डिजाइन र मिक्सिङ र कार्तिकेय स्मिता कर्नाटकको छायाङ्कन छ ।

फिल्मलाई आरआर फिल्म्स (रोहित-रत्न)ले वितरणको जिम्मा लिएको छ । निर्देशक कँडेलका अनुसार फिल्म सत्य कथाबाट प्रभावित भएर निर्माण भएको हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# मकवानपुर क्याम्पसमा तोडफोड, तीन संगठनद्वारा दुःख व्यक्त

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ जिल्लाकै ठूलो शैक्षिक संस्था मकवानपुर बहुमुखी क्याम्पसमा नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ (नेविसंघ)को एउटा समूहले तोडफोड गरेको छ ।



नेविसंघको आन्तरिक विवादलाई लिएर संघको एउटा पक्षले आइतबार क्याम्पसको सिसा फुटाउनुको साथै गेट अगाडि टायर बालेर विरोध प्रदर्शन गरेका छन् । क्याम्पसमा स्ववियु निर्वाचनका लागि २७ फागुनमा नेविसंघको दुईवटा समूहले छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएका थिए । जसमा नेविसंघ मकवानपुरका अध्यक्ष सुवास सापकोटा पक्षलाई क्याम्पसको निर्वाचन समितिले आधिकारिकता दिएको भन्दै नेविसंघकै भिषण ठकुरी पक्षले तोडफोडसँगै टायर बालेर विरोध प्रदर्शन गरेको हो । मकवानपुर क्याम्पसमा ठकुरी पक्षले उम्मेदवारी दर्ता गराएको थियो । उक्त उम्मेदवारीलाई सांगठनिक प्रतिनिधित्व नमिल्ने आशयमा निर्वाचन समितिले आइतबार निर्णय गर्दै स्वतन्त्र उम्मेदवारी दिन सक्ने बताएपछि लफडा सुरु भएको हो ।

नेविसंघमा सुवास सापकोटालाई पार्टी जिल्ला समितिले करिब एक महिना अघि भेला राखेर अध्यक्ष बनाएको थियो । ठकुरीलाई भने नेविसंघ केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले १९ फागुनमा अध्यक्षको जिम्मेवारी दिएका थिए । त्यसयता नेविसंघभित्रै विवाद चर्किएको थियो । ठकुरी पक्षले आफ्नो समिति आधिकारिक रहेको र निर्वाचन समितिले विभिन्न प्रभावमा सुवास सापकोटा पक्षलाई आधिकारिकता दिएको भन्दै विरोध जनाएको थियो । स्ववियु निर्वाचनका लागि मकवानपुर बहुमुखी क्याम्पसमा संगठनहरुको दुईवटा गठबन्धन र ठकुरी पक्षले छुट्टै उम्मेदवारी दर्ता गराएको थियो ।

गठबन्धनमा एमालेको अनेरास्ववियु, नेकपा एसको अनेरास्ववियु र नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेकपानिकट अखिल क्रान्तिकारीको एउटा गठबन्धन बनेको छ । उक्त गठबन्धनमा मकवानपुर बहुमुखी क्याम्पसको स्ववियु सभापति एमालेनिकट अनेरास्ववियुले लिएको छ । अर्को गठबन्धनमा माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारी, कांग्रेसनिकट नेविसंघ र राप्रपानिकट राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनबीच गठबन्धन छ । जसमा स्ववियु सभापति अखिल क्रान्तिकारीले लिएको थियो ।

निर्वाचन समितिले स्ववियु निर्वाचनका लागि संगठन दर्ता नेविसंघका अध्यक्ष सुवास सापकोटाबाट भएको भन्दै आधिकारिकता दिएको थियो । यता, एमालेको अनेरास्ववियु, नेकपा एसको अनेरास्ववियु र नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेकपानिकट अखिल क्रान्तिकारीले विज्ञप्ति जारी गरेर क्याम्पस तोडफोडको घटनाप्रति ध्यानाकर्षण जनाउँदै दुःख व्यक्त गरेको छ । तीन संगठनले अमर्यादित कार्य नगर्न र नगराउन सचेत गराएको छ । स्ववियु चुनाव ५ चैतमा हुँदैछ ।

# फेमकोल एकेडेमीको अभिभावक भेला

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/हेटौंडा उपमहानगरपालिका-१३, स्थित फेमकोल एकेडेमी सेकेण्डरी स्कूलको १५ औं अभिभावक भेला भएको छ ।

आइतबार जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्यता तथा विद्यालय सञ्चालक समिति अध्यक्ष बगान सिं पाखिनको सभाध्यक्षतामा भेला भएको हो । अभिभावक भेलाका अबसरमा अभिभावकहरुलाई अग्नि नियन्त्रणको उपायदेखि विभिन्न आकर्षक प्रस्तुति देखाएको थियो । भेलामा विद्यार्थीहरुले नृत्य प्रस्तुतसँगै गीत गाएर प्रतिभा देखाएका थिए । सप्ताहव्यापी रुपमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयीहरुलाई र उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको छ । विद्यालयका ६ जना शिक्षकहरुलाई सम्मान प्रदान गरिएको विद्यालयका प्रिन्सिपल केशव मुडभरीले जानकारी दिए ।

जिल्ला समन्वय समिति मकवानपुर प्रमुख घलानको शिक्षा क्षेत्रको सुधारको लागि शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यालय सञ्चालकहरु मात्रै लागि परेर सुधार नहुने बताए । शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यालय सञ्चालकहरुसँगै स्वयम अभिभावकले चासो राख्नुपर्ने उनको भनाई छ । समयको माग अनुसारको परिवर्तित शिक्षण सिकाइबारे शिक्षकहरु अपडेट हुने र अभिभावकहरुले पनि आफ्ना नानीबाबुहरुको पढाइप्रति जिज्ञासा राख्नु पर्ने घलानले बताए । कार्यक्रमा शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख कृष्णप्रसाद घिमिरले पछिल्लो समय प्राविधिक र सिपमुलक शिक्षाको आवश्यकता बढेकोले यसै अनुसार चासो दिनुपर्ने बताए ।

कार्यक्रममा हेटौंडा १३ को वडा अध्यक्ष पेम्बा लामाले बालबालिकाको सिकाईमा सक्रियता चाखलाग्दो रहेको बताए । निजी विद्यालयहरुमा हुने आर्थिक लगानीलाई हेरेर शिक्षामा सम्झौता गर्न नहुने लामाले बताए । एकेडेमीमा हाल ६ सय ५० विद्यार्थी अध्ययनरत रहेको संस्थापक प्रिन्सिपल मुडभरीले बताए ।

कार्यक्रममा प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुबेदी, महिला मिलन बचत तथा ऋण सहकारी संस्था अध्यक्ष विष्णुमाया स्याङ्बो, महेन्द्र माविका सहायक प्रधानाध्यापक अमर उप्रेतीलगायतको आतिथ्यता थियो । कार्यक्रममा अशोक सारु मगरको नेतृत्वमा नेपाल स्काउटको टोलीले आगलागी नियन्त्रण गर्ने उपाय बारे डेमो प्रदर्शनी गरेको थियो ।

# कुखरेनीमा ८६ लाख लगाएर कुण्ड निर्माण गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौंडा उपमहानगरपालिका-९, स्थित कुखरेनी खोला सामुदायिक वन क्षेत्रमा मानवेश्वर कुण्ड निर्माण थालिएको छ ।



बागमती प्रदेश सरकार पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयमातहत रहेको पर्यटन विकास आयोजनाबाट विनियोजित ८६ लाख रुपियाँ बजेटमा कुण्डको पहिलो चरणको काम थालिएको हो । मानवेश्वर कुण्ड निर्माण समितिले डीपीआर तयार पारेर ९० मिटर लम्बाई र ५० मिटर चौडाईको पोखरीमा निर्माण हुने प्रोटेक्सन वालको हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिनाकुमारी लामाले आइतबार शिलान्यास गरेकी छन् ।

कुण्डको शिलान्यास गर्दै नगर प्रमुख लामाले आन्तरिक र बाह्य आगन्तुकका लागि कुखुरेनी नयाँ गन्तव्यको रुपमा विकास हुने बताइन् । उनले उपमहानगर क्षेत्रमा यस्तै पोखरी र तालहरु निर्माण गरेर पर्यटकको आकर्षण केन्द्र बनाउने तयारीमा लागिरहेको बताएकी छन् ।

'ताल हेर्न र घुम्नकै लागि भनेर धेरै मानिस हेटौंडाहुँदै आवतजावत गर्छन्, उनीहरुलाई हेटौंडामै रोक्ने वातावरण बनाउन जरुरी छ', लामाले भनिन् । कुखरेनी खोलाको पारी हेटौंडा-१४ मा फनपार्कसहितको आकर्षक पिकनिक स्पोट बनाउन छलफल चलिरहेको उनले बताइन् । बजारबाट नजिक रहेका खाली ठाउँलाई व्यवस्थापन गर्दै लैजाने तयारी उपमहानगरले गरिरहेको उनको भनाइ छ ।

बागमती प्रदेशको राजधानीसमेत रहेको उपमहानगर पालिकालाई व्यवस्थित र सुन्दर नगरी बनाउने योजनामा सबैको साथ र सहयोग आवश्यक रहेको उनले बताइन् । कुखरेनी खोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष अञ्जन दाहालको अध्यक्षतामा भएको कुण्ड शिलान्यास कार्यक्रममा हेटौंडा-९ का वडा अध्यक्ष सुकराम केसी, १४ नम्बर वडाका वडाध्यक्ष दीपक खड्का, धाप टोल विकास संस्थाका अध्यक्ष लिला थापा र कुण्ड निर्माण उपभोक्ता समितिका अध्यक्ष रमेशकुमार मिश्रको आतिथ्यता थियो ।

# चैत पहिलो हप्तादेखि अन्तरपालिका फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ हेटौंडामा दोस्रो अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगिता हुने भएको छ । प्रतियोगिताका जिल्लाका १० वटा स्थानीय तहका टिमले प्रतिस्पर्धा गर्नेछन् ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर -५, पिप्लेस्थित क्याम्पा रंगशालामा आगामी चैत ४ गतेदेखि प्रतियोगिता हुन लागेको हो । मकवानपुर जिल्ला खेलकुद विकास समितिले आयोजना गर्न लागेको प्रतियोगिताको आइतबार खेल तालिका सार्वजनिक गरिएको थियो । ४ गते उदघाटन खेल कैलाश गाउँपालिका र भीमफेदी गाउँपालिकाबीच हुने भएको समिति अध्यक्ष भेष खड्गीले जानकारी दिए । चैत ५ गते आइतबार हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकाबीच र राक्सिराङ गाउँपालिका र थाहा नगरपालिकाबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको सेमिफाइनल खेल चैत ८ गते र चैत ९ गते हुनेछ भने फाइनल खेल चैत ११ गते हुने समितिले जानकारी दिएको छ । प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै उपविजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले नगद १० हजार रुपैयाँ प्राप्त गर्ने आयोजनाले जनाएको छ । प्रतियोगितामा प्रवेश निःशुल्क गराइने बताइएको छ ।

# लेखा व्यवस्थापन तथा माईन्यूट लेखन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/सव डिभिजन वन कार्यालय, हेटौंडाको आयोजनामा एक दिने लेखा व्यवस्थापन तथा माईन्यूट लेखन तालिम भएको छ ।

बनस्खण्डी सामुदायिक वन समूहको सभाहलमा आइतबार सव डिभिजन वन कार्यालय हेटौंडाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तालिमको आयोजना गरिएको हो । तालिममा लेखा व्यवस्थापन तथा माईन्यूट लेख्ने विधिको बारेमा जानकारी गराइएको थियो । समूहमा हुने आयव्यव, योजना तर्जुमा, साधारण सभा, उपसमिति, लेखा परिक्षण, समूहको विधान कार्ययोजना, वन व्यवस्थापन, वन सदुपयोग, बुझबुझारथ, जिन्सी खाता, बैंक नगदी खाता, वन डढेलो नियन्त्रण, सामाजिक कार्यहरु, वन उद्यम, आयआर्जन लगायतका विषयहरुमा सहायक वन अधिकृत रामचन्द्र श्रेष्ठले सहजीकरण गरेका थिए ।

फरेष्टर यदुकुमार घिमिरे र रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेलले तालिममा सहजीकरण गरेका थिए । तालिम समूह सञ्चालनको लागि उपयोगी भएको महिला सिर्जना सामुदायिक वनकी अध्यक्ष लक्ष्मी श्रेष्ठले बताएकी छन् । तालिममा सव डिभिजन वन कार्यालय, हेटौडाअन्तर्गत रहेका विभिन्न सामुदायिक वनका अध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्य र समूहका कर्मचारी समेत गरी २५ जनाको सहभागिता थियो ।

# रेडक्रस सोसाइटी मकवानपुरमा थापा

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ मकवानपुरमा वर्षौंदेखि सामाजिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएको नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखामा नयाँ कार्यसमिति गठन भएको छ ।

रेडक्रसको आइतबार भएको अविधेशनबाट लालबहादुर थापा अध्यक्षमा चयन भएका छन् । नवनिर्वाचित अध्यक्ष थापाले सामाजिक क्षेत्रमा रेडक्रसको मर्म अनुसार कार्य गर्ने प्रतिजद्धता व्यक्त गरे । रेडक्रसको आइतबार औपचारिक कार्यक्रम नगरी सिधै अधिवेशनबाट नयाँ समिति चयन गरेको हो । रेडक्रस मकवानपुरको उपसभापतिमा खेमराज सापकोटा, महिला उपसभापतिमा यशोदाकुमारी श्रेष्ठ, मन्त्रीमा सुमित्रा काफ्ले, कोषाध्यक्षमा किशोर बर्तौला, उपमन्त्रीमा शिवहरि दाहाल र मंगल रखाल मगर उपकोषाध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् ।

रेडक्रसको सदस्यहरुमा चेतकुमारी पुडासैनी, सर्मिला विश्वकर्मा, सुन्तलीमाया प्रजा, रामजी सापकोटा, इश्वर पण्डित, विनोद ढकाल, गोकर्ण सुवेदी, राजकुमार केसी, कृष्णबहादुर सापकोटा र नारायण प्रसाद तिमिल्सिना सदस्यमा चयन भएको निर्वाचन अधिकारी रामजीप्रसाद पौडेलले जानकारी दिए । रेडक्रसले वर्षौंदेखि विपद्मा राहत, उद्दारसँगै ब्लड बैंक सञ्चालन गरेर रक्त सञ्चार सेवा पनि प्रदान गर्दै आइरहेको छ । अधिवेशनमा नेपाल रेडक्रस सोसाईटी बागमती प्रदेश अध्यक्ष भोला रुपाखेती र निवर्तमन जिल्ला सभापति सुर्यचन्द्र न्यौपानेले शुभकामना व्यक्त गरेका थिए ।

# मनहरीका पाँच विद्यालयले मागे कक्षा 'अपग्रेड'




साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा रहेका पाँच वटा विद्यालय कक्षा तह वृद्धि 'अपग्रेड' माग गरेका छन् ।

कक्षा अपग्रेड माग गर्नेमा गाउँपालिकाभित्र सञ्चालित तीन वटा निजी विद्यालय र दुई वटा सामुदायिक छन् । सामुदायिकतर्फ मनहरी वडा नम्बर ७ को राष्ट्रिय माध्यमिक विद्यालय, रमन्टार बिजौनाले कक्षा ९ को लागि अनुमति मागेको छ । वडा नम्बर १ को बालजीवन ज्योति माध्यमिक विद्यालयले कक्षा १२ को अनुमति माग गरी गाउँपालिकामा कागजपत्र पेश गरेको छ । मनहरी-६ स्थित रेड एन्जल एकेडेमीले कक्षा ८ को अनुमति माग गरेको छ । त्यसैगरी वडा नम्बर-१, स्थित नवीन मेमोरियल एकेडेमीले कक्षा ४ र ५ को अनुमति माग गरेको गाउँपालिका शिक्षा शाखाले जानकारी दिएको छ ।

वडा नम्बर ७ मा अवस्थित बिलिभर्स इंग्लिस स्कूलले कक्षा ७ को अनुमति माग गरेको शिक्षा शाखा प्रमुख हरिचन्द्र सापकोटाले जानकारी दिए । मागबारे गाउँ शिक्षा समितिहुँदै कार्यपालिकामा पुऱ्याएर निर्णय हुने सापकोटाले बताए । विद्यालयको कक्षा अपग्रेडका लागि सरकारले तोकेको सर्तहरु पूरा भए/नभएबारे अनुगमन तथा कागजपत्र अध्ययनपछि बैठकहरुमा पेश हुने उनको भनाइ छ । कक्षा अपग्रेड गर्न चाहने विद्यालयले हरेक वर्ष पुस मसान्तभित्र निवेदन पेश गर्नुपर्ने प्रावधान छ ।

# मनकामना वनको डढेलो नियन्त्रणमा आएन

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ सुख्खा मौसम र हावाहुरी चल्न सुरु भएसँगै वन क्षेत्रमा डढेलो लाग्ने कार्य पनि सुरु भइसकेको छ ।




जिल्लाको पश्चिमी क्षेत्रस्थित गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाभित्रकै वन क्षेत्रमा डढेलो लाग्न सुरु भइसकेको हो । हिउँदको मौसम सुरु भएसँगै नयाँ विरुपा पलाउने अन्धविश्वासले पनि डढेलो लगाउने गरिन्छ । तर, सरकारले भने वन क्षेत्रमा डढेलो नलगाउन निरन्तर आग्रह गरिरहेको छ । मनहरी-७ स्थित मनकामना सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा केही दिनयता निरन्तर डढेलो लागिरहेको छ । छिमेकमै रहेको नमूना सामुदायिक वन उपभोक्ता समूह र दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूहबाट फैलँदै आएको डढेलो नियन्त्रणमा आउन सकेको छैन ।

मनकामना सामुदायिक वन उपभोक्ता समूहले डढेलो नियन्त्रण गर्न अधिकतम प्रयत्न गरिरहे पनि नसकेको हो । डढेलो नियन्त्रणमा आउन नसकेको समूहका अध्यक्ष सुरेश मुक्तानले बताए । 'हामी तीन दिनदेखि नियमितरुपमै जंगलमै खटिरहेका छौं,' अध्यक्ष मुक्तानले भने । 'सम्भव भएसम्मका क्षेत्रहरुमा फायरलाइन निर्माण गर्ने र आगोको मुस्लोहरुलाई उपलब्ध स्रोत साधन प्रयोग गरी निभाउने प्रयत्न गरिरहेकै छौं,' उनले थपे । फागुन २५ गते ११ जना, फागुन २६ गते १७ जना र फागुन २७ गते शनिबार १९ जनाले निरन्तर जंगलमा लागेको आगो निभाउने प्रयास गरेको उनले बताए । सव डिभिजन कार्यालय मनहरीबाट खटिएको ४ जना अग्नि नियन्त्रकहरुले पनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई सघाउ पुऱ्याएको थियो ।


"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

**कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर


(निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६११२

**हार्दिक बधाई**







यस नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखाका सभापति **श्री शिवहरि दाहाल** आइतबार सम्पन्न नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको गरिमामय उपमन्त्री पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

किसन घिसिङ (सचिव) तथा हिक्मत श्रेष्ठ (कोषाध्यक्ष)

**नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा परिवार**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना